# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## जयपृथ्वी नगरपालिका
## बझाङ

आर्थिक वर्ष २०७९/८०






महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

जयपृथ्वी नगरपालिका

बझाङ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

जयपृथ्वी नगरपालिका

बझाङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९।८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)
महालेखापरीक्षक

२०८१

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
सुदूरपश्चिम प्रदेश

मितिः२०८१।०२।१२

प.सं. २०८०।८१

च.नं. ४४

विषयः <u>लेखापरीक्षण प्रतिवेदन ।</u>

श्री प्रमुखज्यू ,

जयपृथ्वी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

बझाङ ।

१. **कैफियत सहितको राय** - हामीले जयपृथ्वी नगरपालिकाको आर्थिक वर्ष २०७९।८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९।८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ४ करोड २७ लाख ३४ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्राप्त प्रतिक्रिया उपर कारबाही भई रु. ६७ लाख ९४ हजार फछ्र्यौट भएकोले बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१८ लाख ७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ९५ लाख ९४ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ४० लाख ७८ हजार र पेश्की बाँकी रु. ४ लाख ६१ हजार समेत रु. ३ करोड ५९ लाख ४० हजार रहेको छ । यस पालिकाको गत वर्ष सम्म रु. १८ करोड ५४ लाख ३४ हजार बेरुजू बाँकी रहेकोमा

हालसम्मको अद्यावधिक बेरुजू रु. २० करोड ७७ लाख रहेको छ । नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने जयपृथ्वी नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)
**नायब महालेखापरीक्षक**

# जयपृथ्वी नगरपालिका

## बझाङ

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्योंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४५ | ९० | ४२७३४ | ० | ४ | ६७९४ | ४५ | ८६ | ३५९४० | १८०७ | १४०७८ | १९५९४ | ० | ० | ३३६७२ | ४६१ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्योंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बझाङ | १८५४३४ | ० | १३६७४ | १७१७६० | | ३५९४० | २०७७०० |

## ३. बेरुजु सम्परीक्षणको विवरण

(रु.)

| क्र. सं. | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | विभिन्न दफा | विभिन्न दफाहरुको जम्मा रकम | ६७९४०६३ |
| | गत विगत वर्षतर्फको | | | |
| | २०७८।७९ | विभिन्न दफा | विभिन्न दफाहरुको जम्मा रकम | ९२५३०१६ |
| | २०७७।७८ | विभिन्न दफा | विभिन्न दफाहरुको जम्मा रकम | ४४२१३५९ |
| | गत विगतको जम्मा | | | १३६७४३७५ |
| | कुल जम्मा | | | २०४६८४३८ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले नगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु नै नगरपालिका स्थापनाको प्रमुख उदेश्य हो । यो नगरपालिका कुल १६६.७९ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको र हाल ११ वटा वडाहरुमा बिभाजन गरिएको र सभा सदस्य संख्या ५६ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस नगरपालिकाको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षण विधि-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग २०८०।६।१० मा छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको आय-व्ययतर्फ गरी जम्मा रु. १ अर्ब ४३ करोड ३५ लाख ८५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

२ **लेखापरिक्षणको क्रममा असुली-** लेखापरीक्षणको क्रममा समयमा राजस्व दाखिला नगरेको रु १०६४६९ अग्रिम कर कट्टी नभएको रु २६२०४ बढी दैनिक भ्रमण भत्ता भुक्तानी भएको रु १३२८६ र सामाजिक सुरक्षाको मौज्दात रकम रु ७९०१७ समेत रु २२४९७६ असुल भइ सम्वन्धित सञ्चित कोष दाखिला भएको छ ।

३ **प्राप्ति भुक्तानी विवरण**

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | ६६,७५,९५,८६४.६० | ५६,२२,७२,०८३.४८ | | ५६,२२,७२,०८३.४८ | ५५,६९,५७,८९१.२७ | | ५५,६९,५७,८९१.२७ |
| **क. प्राप्ति (संचितकोष मा आम्दानी बाँधिने)** | | ६२,३९,८०,०००.०० | ५५,९२,९६,४४६.४८ | ०.०० | ५५,९२,९६,४४६.४८ | ५४,२१,६३,२५७.६१ | ०.०० | ५४,२१,६३,२५७.६१ |
| ११००० कर | ११ | १०,३५,१२,०००.०० | ८,४६,७७,६४५.३७ | ०.०० | ८,४६,७७,६४५.३७ | ८,३१,५८,९२६.०९ | ०.०० | ८,३१,५८,९२६.०९ |
| १३००० अनुदान | | ५१,६१,५८,०००.०० | ४७,०७,६७,६२१.७६ | ०.०० | ४७,०७,६७,६२१.७६ | ४५,५७,४६,६४७.१२ | ०.०० | ४५,५७,४६,६४७.१२ |
| संघीय सरकार | १२ | ४९,८६,४९,०००.०० | ४५,३२,५८,६२१.७६ | ०.०० | ४५,३२,५८,६२१.७६ | ४२,७६,३०,५५१.१२ | ०.०० | ४२,७६,३०,५५१.१२ |
| प्रदेश सरकार | १२ | १,७५,०९,०००.०० | १,७५,०९,०००.०० | ०.०० | १,७५,०९,०००.०० | २,८१,१६,०९६.०० | ०.०० | २,८१,१६,०९६.०० |
| १४००० अन्य राजस्व | | ४३,१०,०००.०० | ३८,५१,१७९.३५ | ०.०० | ३८,५१,१७९.३५ | ३२,५७,६८४.४० | ०.०० | ३२,५७,६८४.४० |
| ख. अन्य प्राप्ति | | ४,३६,१५,८६४.६० | २९,७५,६३७.०० | | २९,७५,६३७.०० | १,४७,९४,६३३.६६ | | १,४७,९४,६३३.६६ |
| वितरण गर्न बाकी राजस्व | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कोषहरु | | ४,३६,१५,८६४.६० | ६,०६,३१४.०० | ०.०० | ६,०६,३१४.०० | १,२४,९०,२२२.५० | ०.०० | १,२४,९०,२२२.५० |
| धरौटी | | ०.०० | २३,६९,३२३.०० | ०.०० | २३,६९,३२३.०० | २३,०४,४११.१६ | ०.०० | २३,०४,४११.१६ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| भुक्तानी (ग+घ) | | ७१,१६,००,२१८.६५ | ६०,९६,६२,७७९.५६ | | ६०,९६,६२,७७९.५६ | ६१,२७,१५,२५७.३१ | | ६१,२७,१५,२५७.३१ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६६,७९,८४,३५४.०५ | ५८,०३,७१,९४१.५७ | | ५८,०३,७१,९४१.५७ | ६०,१८,७५,४३८.०३ | | ६०,१८,७५,४३८.०३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २१००० पारिश्रमिक / सुविधा | १८ | ३०,२५,०१,९९५.०० | २७,७५,७२,६१०.७८ | ०.०० | २७,७५,७२,६१०.७८ | २४,०१,०२,२१२.८२ | ०.०० | २४,०१,०२,२१२.८२ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १२,५८,३१,७७५.०० | ११,१४,३१,५१२.८६ | ०.०० | ११,१४,३१,५१२.८६ | ११,८९,१५,४९१.६१ | ०.०० | ११,८९,१५,४९१.६१ |
| २५००० सहायता (Subsidy) | १८ | १८,३५,०००.०० | १७,३९,८३६.०० | ०.०० | १७,३९,८३६.०० | ०.०० | ०.०० | ०.०० |
| २६००० अनुदान | १८ | २,५०,०००.०० | २,४८,४३९.०० | ०.०० | २,४८,४३९.०० | ०.०० | ०.०० | ०.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | १,७७,४०,०४५.०० | १,६६,४२,२७३.०० | ०.०० | १,६६,४२,२७३.०० | १,०६,२६,९९५.०० | ०.०० | १,०६,२६,९९५.०० |
| २८००० अन्य खर्च | १८ | १७,५२,००४.०० | १७,१६,८८०.०० | ०.०० | १७,१६,८८०.०० | ७,८९,०००.०० | ०.०० | ७,८९,०००.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २१,८०,७३,५३५.०५ | १७,१०,२०,३८९.९३ | ०.०० | १७,१०,२०,३८९.९३ | २३,१४,४१,७३८.६० | ०.०० | २३,१४,४१,७३८.६० |
| घ. अन्य भूक्तानी | | ४,३६,१५,८६४.६० | २,९२,९०,८३७.९९ | | २,९२,९०,८३७.९९ | ६१,२७,१५,२५७.३१ | | ६१,२७,१५,२५७.३१ |
| कोषहरु | | ४,३६,१५,८६४.६० | २,५५,४०,५०३.८० | ०.०० | २,५५,४०,५०३.८० | १,०१,९३,०४९.५९ | ०.०० | १,०१,९३,०४९.५९ |
| धरौटी | | ०.०० | ३७,५०,३३४.१९ | ०.०० | ३७,५०,३३४.१९ | ६,४६,७६९.६९ | ०.०० | ६,४६,७६९.६९ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ङ. यो वर्षको बचत (न्युन) | | (४,४०,०४,३५४.०५) | (४,७३,९०,६९६.०८) | | (४,७३,९०,६९६.०८) | (५,५७,५७,३६६.०४) | | (५,५७,५७,३६६.०४) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ९,२९,२८,८५१.१४ | | ९,२९,२८,८५१.१४ | १३,७८,८४,२४१.९३ | | १३,७८,८४,२४१.९३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| वर्षान्तको बाकी रकम (ङ + च) | | (४,४०,०४,३५४.०५) | ४,५५,३८,१५५.०६ | | ४,५५,३८,१५५.०६ | ८,२१,२६,८७५.८९ | | ८,२१,२६,८७५.८९ |
| बैंक तथा नगद बाकी | २४ | | ४,५५,३८,१५५.०६ | | ४,५५,३८,१५५.०६ | ८,१७,४१,८७५.८९ | | ८,१७,४१,८७५.८९ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

४ **लेखा ढाँचाको प्रयोग** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा तोकिएको ढाँचामा आर्थिक कारोवारको लेखाङ्कन गरी नेपाल सार्वजनिक क्षेत्र लेखामान NEPSAS अनुसार प्रतिवेदन गर्नुपर्दछ । स्वीकृत लेखा ढाँचामा देहायको बिबरण समेत अभिलेखमा आउने गरी म.ले.प.फारामहरुको प्रयोग गरी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार आर्थिक कारोवारको लेखाङ्कन गरेको पाईएन । नगरपालिकाले बैक हिसाब मिलान बिबरण २१२, भुक्तानी दिन बाकी चेकको बिबरण-२२०, प्राप्त रकमको मास्केवारी-२२२, सन्तुलन परिक्षण-२२५, बजेट रकमान्तर, कार्यक्रम संसोधनको बिबरण-३०४, बस्तु तथा निर्माणको खरिद योजना-३११, परामर्श सेवाको खरिद योजना-३१२, मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता-४१५, घर जग्गाको लगत किताब-४१७, आइटमवाइज कार्य अभिलेख खाता-५०५, ठेक्कासँग सम्बन्धित गोश्वारा लगत-५०७, बेरुजु लगत-८०१, सम्परीक्षण गोश्वारा अभिलेख-८०५, बिद्युतिय प्रणाली प्रयोगकर्ताको बिबरण, परिबर्तन र स्थगन अभिलेख-९०२, सवारी साधन र मेशिन प्रयोगको लगबुक-९०५, भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख ९०७, तयार गरेको देखिएन । स्वीकृत लेखा ढाँचामा लेखा राखी नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार आर्थिक विवरण तथा प्रतिवेदन तयार गरीनुपर्दछ ।

५ **बजेट पेश, स्विकृत तथा अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकामा उप प्रमुखले मिति २०७९।३।१० गते रु. ५९ करोड ५६ लाख ३५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९।३।१५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७९।३।२२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

६ **बजेट तथा कार्यक्रम-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

७ **स्थानीय तथ्याकङ्क** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा

श्रोत नक्साङ्कनसहितको नगरपालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन तयार गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ।

८ **म्याद नाघेको पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायतित्व नियमावली, २०७७ को नियम ४७ अनुसार कुनै कार्यक्रमको लागि लिएको पेश्की कार्यक्रम समाप्त भएको ३५ दिनभित्र आवश्यक कागजात संलग्न राखी फस्यौंट गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले देहायबमोजिमको म्याद नाघेको पेश्की आर्थिक वर्षको अन्त्य सम्म पनि फस्यौंट नगरेकोले नियमानुसार पेश्की फस्यौंट गर्नुपर्ने देखिएको रु.

| सि.नं | पेश्की लानेको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | १६ जना लाभग्राहीको | सुरक्षित नागरिक आवास | ४६०८०० |
| जम्मा | | | ४६०८०० |

........... *(प्रारम्भिक प्रतिवेदन उपर दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।०२ को निर्णयबाट रु.१८,५०,००० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| पेश्की | ४,६०,८०० |

९ **कर्मचारी दरबन्दी तथा पदपूर्ति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ५१ जना पदपूर्ती भएको देखिन्छ ।नगरपालिकामा अधिकृत स्तरका महत्वपुर्ण पद रिक्त रहेको पाईयो ।दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा नगरपालिकाको समग्र कार्य सम्पादनमा असर पर्ने हुँदा रिक्त पदहरु पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

१० **कर्मचारी कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरको हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यबस्था छ ।नगरपालिकाले उक्त व्यवस्था बमोजिम रु ३०००००० बजेट विनियोजन गरेपनि कोषमा रकम जम्मा गरेको पाइएन। नगरपालिकाको कर्मचारी कल्याणकोषमा रु ९१७४००० मौज्दात रहेको छ । ऐनमा भएको उपर्युक्त व्यवस्था अनुसार सो कोषमा नियमित रुपमा रकम जम्मा गरी भविष्यमा वहन गर्नुपर्ने दायित्व सुनिश्चित गर्नुपर्दछ।

११ **कानून निर्माण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनु पर्दछ । यस पालिकाले यस वर्षसम्म १८ ऐन ४ नियमावली ४ निर्देशिका सहित ६८ वटा कानुन निर्माण गरेको विवरण पेश भएको छ । नगरपालिकाले संवैधानिक व्यवस्था अनुसार स्थानिय कानून निर्माण गरेर कार्यान्वयन गरी सोहीअनुरुप सेवा प्रवाह गर्नेतर्फ ध्यान पुर्याउनुपर्दछ।

१२ **म्याद रहेको पेश्की** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेश्की सम्बन्धी व्यवस्था छ । जस अनुसार सम्झौता अनुसारको पेश्की सम्झौतामा उल्लेखित समयमा फछ्र्यौट गरीसक्नु पर्दछ । नगरपालिकाले आर्थिक वर्ष २०७९।८० मा दिएको पेश्की मध्ये देहाय अनुसारको म्याद बाँकी रहेको पेश्की फछ्र्यौट गर्न बाँकी रहेको हुदा पेश्कीको लगत अधावधिक गरी पेश्की फछ्र्यौट गर्नुपर्दछ।

| सि नं | पेश्की लिनेको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | सुचित्रा कन्स्ट्रक्सन | ५ नं वडा कार्यालय भवन | ५४८५१९ |
| २ | बर्मा बेताल निर्माण सेवा | शित गृह निर्माण | २५००००० |
| ३ | सन्तोषी निर्माण सेवा | पानकोट नगरकोट राजकोट सडक | २२०००० |
|  | जम्मा |  | ३२६८५१९ |

१३ **न्यायिक समिति-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउनुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो बर्ष २४ विवाद दर्ता भएकोमा सबै फछ्र्यौट भएको देखिन्छ।

१४ **कार्यक्रम पेश्की** - सुदुरपश्चिम प्रदेशको आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३६(५) मा सरकारी निकायबाट कुनै तालिम, गोष्ठी, कार्यशाला गोष्ठी आदि सञ्चालन गर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयारी गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । कार्यालयले कृषि, शिक्षा, पशु र स्वास्थ्य लगायतका क्षेत्रका कार्यक्रम सञ्चालन गर्न पेश्की माग गर्दाको बखत कार्यक्रम निर्देशिका अनुरुपका क्रियाकलापहरु निर्धारण गर्ने र स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी स्वीकृत लागत अनुमानका आधारमा त्यस्ता तालिम, गोष्ठी सञ्चालन गर्नुंपर्नेमा निवेदनका आधारमा पेश्की लिने, लिएको पेश्की फछ्र्यौट नगरी पुनः पेश्की दिने र बर्षान्तमा मात्र कार्यक्रम गरी पेश्की फछ्र्यौटको लागि पेश गर्ने गरेको देखियो । यस्तो प्रकृयामा सुधार हुनुपर्दछ।

१५ **योजना तथा बजेट-** योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छनअन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा नगरपालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा नगरपालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको छैन।

• आर्थिक वर्षको अन्त्यमा अत्याधिक पूँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कूल पूँजीगत खर्च रु.१७ करोड १० लाख २० हजार भएकोमा प्रथम त्रैमासिकमा १ करोड ९ लाख १३ हजार, दोश्रो त्रैमासिकमा रु. २ करोड ६२ लाख १९ हजार, तेस्रो त्रैमासिकमा रु.३ करोड ९६ लाख ७३ हजार र चौथो त्रैमासिकमा रु. ९करोड ४२ लाख १५ हजार र असार महिनामा मात्रै रु.५ करोड ६४ लाख ६९ हजार खर्च भएको देखिन्छ। आर्थिक बर्षको अन्त्यमा हुने विकासले कामको गुणस्तर र दिगोपनामा असर पर्ने हुनाले नगरपालिकाले समयमै विकास निर्माण कार्य गर्न ध्यान दिनुपर्दछ ।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु.१० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा नगरपालिकाले यो बर्ष रु.१७ करोड १० लाख २० हजारको पुँजीगत निर्माणको कार्य गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।

उल्लेखित अवस्थाका कारण नगरपालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

१६ **सेवा प्रवाहको अवस्था-** नेपालको संविधानको अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसारका सेवाहरु नगरपालिकाले नगरवासीलाई प्रदान गर्दछ । आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, घरबाटो सिफारिस, जन्म, मृत्यु, विवाह दर्ता, बसाई सराई, विद्युत मिटर सिफारिस, निशुल्क सिफारिस लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अभिलेखिकरण अद्यावधिक गरिनु पर्दछ। नगरपालिकाबाट उपलब्ध विवरण अनुसार यो वर्ष प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ।

| क्र.सं. | विवरण | सेवा प्राप्तिका लागि निवेदन संख्या | सिफारिस संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | नागरिता सिफारिस | १२३७ | १२३७ | |
| २ | घरबाटो सिफारिस | ५८ | ५८ | |
| ३ | नाता प्रमाणीत | २१८ | २१८ | |
| ४ | जन्म दर्ता | ७३० | ७३० | |
| ५ | मृत्यु दर्ता | १८७ | १८७ | |

नगरपालिकाले सेवा प्रवाहलाई व्यवस्थित र गुणस्तरीय बनाइ सबैको अभिलेख राख्ने तर्फ ध्यान दिनु पर्दछ।

१७ **जिन्सी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । तर यस नगरपालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन । नगरपालिका

अन्तर्गत गत विगत वर्ष खरिद भएका जिन्सी सामानहरुको समेत PAMS मा अभिलेख राखेको छैन । नियमानुसार गत विगतका जिन्सी अभिलेखहरु समेत PAMS मा लेखांकन हुनुपर्दछ । जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ।

---

१८ **योजना प्राथमिकिकरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा आवधिक योजना बनाई लागु गर्नुपर्ने विषय उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू (गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास) लाई गणना गरी ८० अंक भन्दा बढी आउनेलाई पि १ योजनाको प्राथमिकता निर्धारण गरी प्राथमिकता प्राप्त पि१ योजनामा लगानी गरी आवधिक योजनासँग सामजस्यता गर्नुपर्दछ । नगरपालिकाले आयोजना छनौट गर्दा वडागत हिसाबले र अत्यन्तै स-साना टुक्रे आयोजना छनौट गरी जे जती बजेट पुग्छ त्यती नै काम गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने गरेको पाइयो । नगरपालिकाले आ.ब. २०७९।८० मा निम्नानुसारका आयोजनामा बजेट विनियोजन गरेको पाइयो । यसरी आयोजनाहरूको प्राथमिकिकरणका आधार अंक गणना गरी प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी स-साना टुक्रे आयोजनामा बजेट विनियोजन गर्ने प्रवृत्तिमा नियन्त्रण हुनु पर्दछ ।नगरसभाले पारित गरेका योजना मध्ये यो बर्ष रु १ करोड १२ लाख ६५ हजारका १६ योजना कार्यान्वयन हुन सकेको पाइएन ।नगरसभाले पारित गरेका योजना कार्यान्वयन हुनुपर्दछ।

| **कार्यक्रमकोनाम** | **योजना संख्या** | **रु ५ लाख भन्दा कमका योजना** | **रु.५ देखि २० लाख सम्मका योजना** | **रु.२० लाखभन्दा माथिका योजना** |
|---|---|---|---|---|
| नगरपालिका स्तरिय | १८७ | १३९ | ४१ | ७ |
| बडा स्तरीय | १६५ | १६२ | ३ | ० |
| जम्माः | ३५२ | ३०१ | ४४ | ७ |

---

१९ **बजेट रकमान्तर** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २९ मा पूँजीगत शिर्षकमा विनियोजन भएको रकम चालु शिर्षकमा रकमान्तर गर्न नपाइने व्यवस्था छ । नगरपालिकाले यस वर्ष कुल रु २ करोड २८ लाख ४५ हजार अर्थात कुल बजेट रु ५९ करोड ५६ लाख ३५ हजारको ३.८ प्रतिशत रकमान्तर गरेको छ । त्यस्तै नगरपालिकाले समपुरक अनुदान पुँजीगत शिर्षकमा विनियोजित रकमवाट नगर कार्यापलिकाको २०७९।९।२१ को निर्णय तथा हिउदे नगरसभाले समेत देहाय अनुसार रु ६१९५००० चालु शिर्षकमा रकमान्तर गरेको छ ।ऐन विपरित पुँजीगतवाट चालु शिर्षकमा रकमान्तर गरेको नियमसंगत देखिएन । पूँजीगत शिर्षकवाट चालु शिर्षकमा रकमान्तर गर्ने परीपाटीमा नियन्त्रण हुनुपर्दछ।

| सि नं | रकमान्तर गरेको शिर्षक | रकमान्तर रकम |
|---|---|---|
| १ | इन्धन अन्य प्रयोजन | २०००००० |

| | | |
|---|---|---|
| २ | सवारी साधन मर्मत | १०००००० |
| ३ | घर भाडा विषयगत शाखा | १९५००० |
| ४ | कार्यालय सञ्चालन | १०००००० |
| ५ | जनतासंग मेयर कार्यक्रम | ५००००० |
| ६ | जनतासंग उपमेयर कार्यक्रम | ५००००० |
| ७ | अनुगमन तथा भ्रमण भत्ता | १०००००० |
| | जम्मा | ६१९५००० |

२० **आन्तरिक नियन्त्रण प्रणाली** — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सो माथी विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेकाछन।

• नगरपालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• नगरपालिकाले उद्देश्य प्राप्तिमा आईपर्न सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सञ्चालित योजनाको सूचनापाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्र मात्र यस्तो सुनवाई सीमित गरेको अवस्था छ।

• नगरपालिकामा कार्यरत कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्य मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• नगरपालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ । नगरपालिकाले भ्रमण तथा अनुगमन वापत रु.३८ लाख ५६ हजार खर्च लेखेकोमा कतिपय भुक्तानीमा अनुगमन प्रतिवेदन पेश गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ नगरपालिका र वडा कर्यालय समेतले रू.४२ लाख ६ हजार खर्च गरेको छ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

• नगरपालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• नगरपालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• नगरपालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गरेको पाइएन ।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

• नगरपालिकाले कतिपय भुक्तानीमा आपूर्तकको विजक संलग्न गरेपनि उक्त भुक्तानी आपूर्तकलाई नगरी कर्मचारी मार्फत सोधभर्ना भुक्तानी गर्ने गरेको छ । आपूर्तकलाई नै भुक्तानी दिने व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ ।

तसर्थ नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

२१ **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न नपाउने व्यवस्था छ । नगरपालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। नगरपालिकाले मापदण्ड र कार्यविधि तयार नगरी देहाय अनुसार विभिन्न संघ संस्था तथा व्यक्तिलाई रु ४८७९२२० आर्थिक सहायता वितरण गरेको छ ।उक्त रकम नगरपालिकाको कुल आन्तरिक आय रु. ९९११९०३ को ४९ प्रतिशत हुन आउँछ ।निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

| सिनं | शिर्षक वा प्रयायोजन | रकम | प्राप्त गर्ने |
|---|---|---|---|
| १ | जनतासंग मेयर कार्यक्रम | १५००००० | १५४ जना |
| २ | जनतासंग उपमेयर कार्यक्रम | १२९५२०० | १०३ जना |
| ३ | जनआन्दोलन र जनयुद्धका शहिद परिवार घाईते र वेपत्ता नागरिकलाई सहायता | ६००००० | १६ जना |
| ४ | दीर्घ रोगी तथा असहाय विपन्न वर्गका व्यक्तिलाई सहायता | ६००००० | ४९ जना |
| ५ | प्रकोप व्यवस्थापन | ८८४०२० | ६५ जना |
| जम्मा | | ४८७९२२० | ३८७ जना |

२२ **वित्तिय विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ। नगरपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। नगरपालिकाले उपलव्ध गराएको *स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२)* सम्बन्धमा निम्नाअनुसार देखिएको छ।

---

२२.१ **वित्तीय विवरणको यथार्थता -** नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । नगरपालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१०१८३७६२३ र गरिवसंग विश्वेश्वर कार्यक्रमको रु.४६३००० गरी रु. १०२३००६२३ सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा नगरपालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

---

२२.२ **हिसाब फरक —** नगरपालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणबाट क्रममा नगरपालिकाबाट सबै कारोबार समेटिएको एकीकृत आर्थिक विवरण माग भएकोमा भएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ११०११२३६, यस वर्षको प्राप्ति रु.१३९३०७०६३, यस वर्षको भुक्तानी रु. १२५३२०१९१ फरक परेको छ। सुत्रमा नगरपालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले नगरपालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ९२९२८८५१ | ५५९२९६४४६ | ६०९६६२७७९ | ४५५३८१५५ |
| एकीकृत आर्थिक विवरणअनुसार | ८१९१७६१५ | ६९८६०३५०९ | ७३४९८२९७० | ४५५३८१५४ |
| फरक | ११०११२३६ | १३९३०७०६३ | १२५३२०१९१ | ० |

२२.३ **हिसाव मिलान** – नगरपालिकाले हिसाव मिलानको लागि रु.९९११९०३आन्तरिक राजस्व खातामा आम्दानी जनाई सञ्चित कोषमा हिसाव मिलान गरेको छ । जस अनुसार नगरपालिकाको श्रेस्ता अनुसारको मौज्दातमा फरक परेको देखिन्छ । हिसाव मिलानको लागि आम्दानी जनाउँदा हिसाव फरक परेको प्रतिक्रिया दिए तापनि उक्त रकम बास्तविक आम्दानी भए नभएको सम्बन्धमा एकिन गर्नुपर्दछ ।

२३ **करार कर्मचारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर नगरपालिकाले विभिन्न पदमा ७५जना कर्मचारीहरु करारमा राखि रु. २२५६०७२७ खर्च लेखेको छ ।

त्यसैगरी सोही ऐनको दफा ८३(८) मानगरपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । उक्त पद बाहेक विभिन्न पदमा नगरपालिकाले १४ जना कर्मचारी करारमा लिएको देखिन्छ । साथै दरबन्दी भित्र नपरेको अधिकृत छैठौ १, सहायक पाचौ १ र सहायक चौथो ३ गरी ५ जना करार नियुक्ति गरी बर्षभरीमा रु. २४४९१३५ भुक्तानी गरेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २४,४९,१३५ |

२४ **नीजि सचिव** - सुदुरपश्चिम प्रदेश अन्तर्गत गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) गाउँपालिकाको जनप्रतिनिधिले स्वकीय सचिव राख्न पाउने कानूनी व्यवस्था उल्लेख छैन । नगरपालिकाले यस वर्ष दुइ जना (चन्द्र बहादुर खड्का र दिनेश बहादुर सिंहं) लाई नगर प्रमुख र उपप्रमुखको स्वकीय सचिव नियुक्त गरी रु ६९०००० तलब खर्च लेखेको छ । ऐन अनुसार राख्न नपाउने निजी सचिव नियुक्ति गरी निजहरुले सम्पादन गरेको कार्यविवरण समेत संलग्न नगरी तलब खर्च लेखेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ६,९०,००० |

२५ **दोहोरो खर्च (७१६ चालु-२०८०-३-२९)-** नगरपालिकाले वडा नं ३ का पदाधिकारीहरुलाइ अनुगमनमा खटिएको भनी रु ४०००० भुक्तानी दिएको छ । उक्त कामको लागी भनी समेत विभिन्न खाना खाजाको बिजक समेत पेश भएको देखिन्छ। अनुगमनमा खटिइने पदाधिकारीको लागी मासिक सुविधामा नै व्यवस्था गरेको तथा खाना खाजाको समेत व्यवस्था भएको अवस्थामा छुटै भत्ता बुझेको कानुनसम्मत नदेखिएकोले सम्बन्धितवाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,००० |

२६ **ईन्धन खर्च-** महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत फारम नम्बर ९०५ मा इन्धन खपतको लगबुक राख्नुपर्ने व्यवस्था छ| नगरपालिकाले यो वर्ष इन्धन कार्यालय प्रयोजन बाट रु.२५३६९३० र इन्धन पदाधिकारी बाट रु.११८५३०० गरी रु.३७२२२३० खर्च गरेको छ । सवारी लगबुकको प्रयोगले सवारी प्रयोगकर्ताको गन्तब्य स्थान, दुरी, समय र इन्धन खपत बीच सामानजस्यता एवम् मितव्ययीता कायम हुन्छ| नगरपालिकाले इन्धन भुक्तानी गर्दा विवरण खुल्ने गरी लगबुक राख्नुपर्नेमा सो नराखेकोले कसलाई के प्रयोजनमा इन्धन दिएको हो खुल्न सकेन| सवारी लगबुक सहित इन्धन खर्चको प्रमाण पेश हुनुपर्दछ। लगबुक वेगर इन्धन खर्च गरेको केही उदाहरण निम्नानुसार छन ।

| भौचर र मिति | सप्लायर्स | रकम |
|---|---|---|
| २५५।०७९।१०।४ | क्रिस सप्लायर्स | १८०००० |
| २५६।०७९।१०।४ | जाल्पा देवी सप्लायर्स | ८३७१८४ |
| ६८२।०८०।३।२३ | जाल्पा देवी सप्लायर्स | ७३८५६० |
| ६८२।०८०।३।२३ | विभिन्न व्यक्तिलाइ भुक्तानी | २४६२११ |

२७ **घर भाडा-** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९४(१) अनुसार क्षेत्रिय र जिल्ला स्तरको सार्वजनिक निकायको हकमा त्यस्तो निकाय र जिल्ला प्रशासन कार्यालय,जिल्ला समन्वय समिति र को.ले.नि.का.को सूचनापाटीमा कम्तिमा ७ दिनको अवधिको सूचना टाँसगरी भाडाको प्रस्ताव माग गर्नु पर्ने र उपनियम ४ अनुसारको घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा घर भाडा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।पालिकाले विभिन्न वडा कार्यालय तथा पदाधिकारीको लागी वासस्थान प्रयोजनको लागी घरभाडा वापत रु. ८८३६८० भुक्तानी गरेकों पाईयो ।घर भाडामा लिदा घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा मात्र लिनुपर्दछ।

२८ **निकासा भन्दा बढी खर्च**

***........... (प्रारम्भिक प्रतिवेदन उपर मिति २०८१।०१।२ को निर्णयबाट रु. १,०२७,९२० सम्परीक्षण गरिएको।)***

२९ **शैक्षिक गुणस्तर -** नगरपालिका अन्तर्गत संचालित माध्यमिक तहसम्मको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्य नगरपालिकाको कार्यक्षेत्र अन्तर्गत पर्दछ ।सोही अनुसार नगरपालिकाले विद्यालय शैक्षिक गुणस्तर मापनको मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्नेमा सो गरेको छैन। अतः शैक्षिक गुणस्तरको मापन मापदण्ड तयार गरी कार्यान्वयन गर्ने र सोही अनुसार विद्यालयको अनुगमन मुल्याङ्कन गरी प्रतिवेदन पेश गर्नुपर्दछ।

३० **सेनिटेरी प्याड व्यवस्थापन -** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्थानीय र प्रदेश तहमा सशर्त अनुदान कार्यक्रमसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन पुस्तिकाको २.८.७ क्रियाकलाप नं. २.७.१३.२३ मा स्थानीय तहले सामुदायिक विद्यालयको कक्षा ६-१२ सम्म अध्ययनरत सबै छात्राहरूका लागि निःशुल्क सेनिटरी प्याड व्यवस्था सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम गर्नुपर्ने र कार्यविधिमा विद्यालयले आफ्ना छात्राहरुको संख्यामा आधारमा आवश्यक पर्ने सेनिटरी प्याड स्थानीय तहमा माग गर्ने, नगरपालिकाले शैक्षिक व्यवस्थापन प्रणालीको तथ्याकंसँग भिडाई विद्यालयलाई आवश्यक संख्यामा उपलब्ध गराउने, विद्यालयले प्राप्त सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा राख्ने र विद्यालयले छात्राहरूको नाम नामेसी स्पष्ट खुल्ने गरी अभिलेख अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले विद्यालयबाट आवश्यक संख्या माग नगरी भौचर नं. १३१ मिति २०८०।२।१ गते ८४७४ वटा सेनिटरी प्याड प्रति पेकेट रु १०४ का दरले खरिद गरी रु. ८८१२९६ खर्च गरेको छ । अतः नगरपालिकाले प्राप्त मागको आधारमा आवश्यक संख्या एकिन गरी समयमा नै खरिद गर्ने, मागको आधारमा नगरपालिकाले विद्यालयलाई हस्तान्तरण गर्ने, विद्यालयले प्राप्त सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा राख्ने र विद्यालयले छात्राहरूको नाम नामेसी स्पष्ट खुल्ने गरी अभिलेख अद्यावधिक गरी

सो को प्रमाण कागजात नगरपालिकामा पेश गर्नुपर्नेमा सो समेत नगरी सेनेटरी प्याड खरिद गरी विधालयमा हस्तान्तरण गरेको उपयुक्त देखिएन । सेनिटरी प्याड खर्चको अभिलेख व्यवस्थापन गर्नुपर्दछ।

३१ **बुक कर्नर-** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.१३.३ मा सामुदायिक विद्यालयमा (कक्षा १ देखि ५ सम्म) शिक्षण शिकाई सामाग्री तथा बुक कर्नर व्यवस्थापन प्रति विद्यार्थी रु १५० का दरले अनुदान वितरण गर्ने व्यवस्था छ । सोही व्यवस्था अनुसार यस वर्ष नगरपालिकामा रहेका ४६ वटा प्राथमिक विद्यालयहरुलाई शिक्षण शिकाई सामाग्री तथा बुक कर्नर व्यवस्थापनको पछिल्लो २५ प्रतिशत रकम रु २५८१००० अनुदान वितरण गरेको छ । उल्लेखित निकासा भएको रकमवाट बुक कर्नर निर्माण गरेको प्रमाण पेश हुनुपर्ने रु।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २५,८१,००० |

३२ **समानिकरण अनुदानवाट शिक्षक तलब-** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर नगरपालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट ३ जना शिक्षक नियुक्त गरी रु ९९९९९९ तलब भत्ता भुक्तानी गरेको देखिन्छ । नगरपालिकाले आन्तरिक स्रोत समेतलाई विचार गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

३३ **कृषि सामान खरिद-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा १० लाख सम्मको लागत अनुमान भएको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै प्रतिस्पर्धालाई समिति पार्ने गरी खरिदलाई टुक्रा पार्न नपाइने व्यवस्था रहेको छ । नगरपालिकाले ५० प्रतिशत अनुदानमा कृषि सामान खरिदमा रु १० लाख भन्दा बढी को मालसामान सोझै खरिद गरेको छ । खरिद गरिएको मालसामानको लागत अनुमान बनाइ उक्त यन्त्रहरुको स्पेसिफिकेसन समेत नखुलाइएको हुनाले उल्लेखित खरिद दरलाइ यथार्थ मान्न सकिदैन ।नगरपालिकाको योगदानको आधारमा मात्र पनि प्रतिस्पर्धा गराउनुपार्नेमा प्रतिस्पर्धा वेगर खरिद गरेको नियमसम्मत नदेखिएको रु.

| भौचर र मिति | सामान | फर्मको नाम | बिजक रकम | नगरापलिकावाट भुक्तानी |
|---|---|---|---|---|
| ६१।०७९।१०।१६ शसर्त | मिनिटिलर | विराञ्ज एग्रो मेटेरियल्स एण्ड सप्लायर्स | २०९०००० | १०४५००० |
| २४०।०८०।३।२४ शसर्त | हाते ट्याक्टर हिलाउने आडा | विराञ्ज एग्रो मेटेरियल्स एण्ड सप्लायर्स | २२३८००० | १११९००० |
| जम्मा | | | ४३२८००० | २१६४००० |

| | |
|---|---|
| अनियमित भएको | २१,६४,००० |

३४ **जिल्ला दररेट भन्दा बढी दरमा खरिद** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा प्रचलित जिल्ला दररेटको आधारमा लागत अनुमान बनाइ प्रतिस्पर्धात्मक रुपमा मालसामान खरिद गर्नुपर्ने उल्लेख छ । तर नगरपालिकाले देहायको फर्मवाट मालसामान खरिद गर्दा जिल्ला दररेट भन्दा बढि दरमा बर्षान्तमा खरिद गरेको हुदा एकिन गरी असुल गर्नुपर्ने रु.

| भौचर र मिति | फर्मको नाम | सामानको नाम | जिल्ला दररेट | खरिद दर | बढी |
|---|---|---|---|---|---|
| २४५।०८०।३।२४ | गोदावरी एग्रो एण्ड मेनेजमेण्ट प्रा लि | फरुवा ६०० पिस | ३२४ | ६२२ | १७८८०० |
| २४५।०८०।३।२४ | सिद्दि रिद्दि एग्रोटेक एण्ड मेसिनरी | दाते ह्याण्डित सहितको ६०० पिस | ५८७ | ७५० | ९७८०० |
| जम्मा | | | | | २७६६०० |
| | | | | असुल गर्नुपर्ने | २,७६,६०० |

३५ **अनुगमन मुल्यांकन (४४२ चालु-२०८०-१-८)-** नगरपालिकाले मागमा आधारित नमुना कृषि कार्यक्रम अन्तर्गत शुर्मा एग्रोभेटवाट खरिद गरेको रु ७००००० बराबरको टनेल विभिन्न लाभग्राहीलाई वितरण गरेको छ । उक्त टनेलहरु जडान भएको र प्रयोग भए नभएको अनुगमन गरी प्रतिवेदन पेश हुनुपर्दछ।

३६ **कृषि सामान वितरण-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्चको लेखा राख्दा खर्च पुष्टि गर्ने बिल बिजकको साथै भरपाइ संलग्न राख्नुपर्ने व्यवस्था छ । कार्यालयले मागको आधारमा वार्षिक योजना बनाइ प्रतिस्पर्धा मार्फत सामान खरिद गर्नुपर्दछ । नगरपालिकाले संघीय शसर्त अनुदान र नगरपालिकाको बजेटवाट समेत देहाय अनुसारको कृषि सामान वर्षान्तमा खरिद गरेको छ । उक्त सामान हाल सम्म वितरण गरेको नदेखिएको हुदा मालसामान वितरण गरेको भरपाइ पेश हुनुपर्ने रु.

| भौचर र मिति | सामान | खरिद परिमाण | वितरण | बाँकी | रकम |
|---|---|---|---|---|---|
| २४०।०८०।३।२४ | हाते ट्याक्टर | १६ | १४ | २ | २६०००० |
| | हिलाउने पाङ्गा | ६२ | ५१ | ११ | ९९००० |
| २४५।०८०।३।२४ | विभिन्न कृषि औजारहरु | बर्षान्तमा खरिद गरेको सबै बाँकी | | | १३५१५७७ |
| जम्मा | | | | | १७१०५७७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,१०,५७७ |

३७ **औषधि खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा—टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था छ ।साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा २५ लाख रुपैयासम्मको औषधि जन्य मालसामान त्यस्तो मालसामानको उत्पादकले राष्ट्रियस्तरको सूचना प्रकाशन गरी तोकिएको मूल्यमा सोझै र २५ लाख रुपैया देखि ५० लाख रुपैयसम्मको हकमा सिलवन्दी दरभाउपत्रको माध्यकवाट र सो भन्दा माथि बोलपत्रको माध्यमवाट खरिद गर्नुपर्ने व्यास्था छ ।तर नगरपालिकाले पटक पटक गरी देहाय बमोजिम रु ४२९८४२२ को औषधि सोझै खरिद गरेको नियम सम्मत नदेखिएको रु.

| भौचर र मिति | फर्मको नाम | खरिद | रकम | कैफियत |
|---|---|---|---|---|
| ६८।०७९।६।३० चालु | एञ्जल ट्रेड लिङ्क | औषधि | ९९५२३ | लागत अनुमान समेत नबनाइ |
| ३६।०७९।८।२० शसर्त | राधाकृष्ण फार्मेसी | औषधि | १९१९६१८ | लागत अनुमान समेत नबनाइ |
| २२६।०८०।३।२१ शसर्त | रोलाकेदार मेडिसिन सप्लायर्स | औषधि | १२५८५०९ | लागत अनुमान समेत नबनाइ |
| २४६।०८०।३।२४ शसर्त | सुदुरपश्चिम मेडिसिन डिस्ट्रिबुशन | औषधि | १०२०७७२ | लागत अनुमान समेत नबनाइ |
| **जम्मा** | | | ४२९८४२२ | |

| | |
|---|---|
| अनियमित भएको | ४२,९८,४२२ |

३८ **औषधि व्यवस्थापन-** नगरपालिकाले आफ्नो स्वास्थ्य संस्थाको लागी वार्षिक रुपमा आवश्यक पर्ने औषधिहरुको वार्षिक अनुमान गरि उपयुक्त खरिद प्रकृया मार्फत खरिद गर्ने र उक्त औषधिहरुको दाखिला मण्डारण लगायत सम्बन्धमा व्यवस्थापन गर्नुपर्ने हुन्छ । नगरपालिकाले यो वर्ष रु ४२९८४२२ को औषधि खरिद गरेको देखिन्छ । औषधि व्यवस्थापन सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छन्।

- खरिद गर्न पूर्व लागत अनुमान तयार गर्दा सम्बन्धित स्वास्थ्य कार्यालयहरुको बाँकी मौज्दात एकिन नगरेको
- आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राखे नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,
- आपूर्ति भएका औषधी एंवम सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा एकिन गर्न सकिएन ।
- औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँधने नगरेको,
- औषधीको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।

तसर्थ,औषधीको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

३९ **अधुरो आयोजना** - नगरपालिकाले यो बर्ष निर्माण व्यवसायी मार्फत सम्पन्न गर्ने गरी सम्झौता भएका देहायका निर्माणकार्यको सम्झौता अनुसार कार्य सम्पन्न नभइ अधुरो रहेको देखिन्छ ।निर्माण व्यवसायीको सम्झौतामा उल्लेखित म्याद समेत समाप्त भई सकेकोमा म्याद थप भएको छैन ।समयमा कार्य नगर्ने निर्माण व्यवसायीलई प्रचलित नियमावली तथा सम्झौता बमोजिम कारवाहीगरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

| निर्माण कार्यको नाम | निर्माण व्यवसायी | सम्झौता रकम | सम्पन्न गर्नु पर्ने म्याद | यो बर्षको भुक्तानी |
|---|---|---|---|---|
| थापली खईराज्यूला हुदै तटवन्ध निर्माण | सुजन निर्माण सेवा | ४९२५८७० | २०८०।३।२० | ४३६८०५० |
| कृषि हाटवजारको अधुरो निर्माण कार्य | सुचित्रा निर्माण सेवा | २५२८५७४ | २०८०।३।२० | १८९०३०० |
| प्रतमा सिराडी तटवन्धन | वि एल वि कन्सट्रक्सन | ४६१३१८२ | २०८०।३।१५ | १६८७१३९ |

४० **निर्माण कार्य नभएको-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १११ मा खरिद सम्झौता कार्यान्वयन सम्वन्धी व्यवस्था छ। नगरपालिकाले ठेक्का नं **JPM 19/079/80** टिमुरेडी खोल्सीङ खोला प्राविधिक शिक्षालय सडक स्तरोन्तीको लागि मु अ कर समेत रु १७०४९२० लागत अनुमान भएको वोलपत्र आह्वान भएकोमा खप्तड निर्माण सेवासंग रु मु अ कर समेत रु ९०८४४० लागत अनुमानको तुलनामा ४६.८५ प्रतिशत घटीमा ठेक्का सम्झौता भइ २ महिना भित्र कार्य सम्पन्न गर्ने गरी २०८०।२।२४ मा सम्झौता भएकोमा उक्त निर्माण व्यवसायीले २०८०।४।२४ सम्ममा काम सम्पन्न गर्नु पर्नेमा लेखापरीक्षण अवधि २०८०।५।१५ सम्मपनि काम सुरु गरेको छैन ।निर्माण व्यवसायीले म्याद थप माग गरेको छैन । तसर्थ निर्माण व्यवसायीलाइ सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ तथा निजसंगको सम्झौता बमोजिम कार्वाही हुनुपर्दछ।

४१ **शितगृह निर्माण** - वडा नं ३ मा शित गृह भवन निर्माण र सोको लागि आवश्यक उपकरण खरिद गर्न बर्मा वेताल निर्माण सेवासंग २०७८।१।२४ मा २०७८।३।१५ भित्र निर्माण कार्य सम्पन्न गर्ने गरी मु अ कर समेत रु ४०५४५३७ को सम्झौता गरेको छ ।उक्त सम्झौता तथा भुक्तानी सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन।

४१.१ सार्वनजिक खरिद ऐन २०६३ कोदफा ५२ क मा सार्वजनिक निकायले खरिद सम्झौता पश्चात निर्माण व्यवसायीवाट अग्रिम बैङ्क जमानत लिई खरिद सम्झौता रकमको २० प्रतिशतमा नवढ्ने गरी पेश्की दिन सकिने व्यवस्था छ ।पेश्की दिँदा पहिलो पटक स्वीकृत पेश्की रकमको आधामा नबढ्ने गरी र बाँकी रकम कार्य प्रगतिको आधारमा दिन सकिने व्यवस्था

छ । नगरपालिकाले निर्माण व्यवसायीलाइ प्रथम रनिङ विलको रकम रु ८०९५१३ मिति २०७८।१२।२९ मा भुक्तानी भएको छ ।तत्पश्चात कार्यालयले २०७९।७।२३ मा रु २५००००० मोविलाइजेसन पेश्की उपलव्ध गराएको छ ।एकातर्फ निर्माण कार्य सम्पन्न गर्नु पर्ने अवधिका कार्यप्रगतिको आधारमा रनिङ विल भुक्तानी गर्नु पर्नेमा पेश्की उपलव्ध गराउनु उपयुक्त देखिएन भने अर्को तर्फ नियमावली अनुसार सम्झौता रकमको अधिकतम विस प्रतिशत अर्थात मु अ कर बाहेकको रु ३५८८०८५ को २० प्रतिशतले हुने रु ७१७६१७ मात्र पेश्की उपलव्ध गराउन सकिनेमा रु २५००००० पेश्की उपलव्ध गराएकोले नियमले पाउने भन्दा बढि पेश्की उपलव्ध गराएको रकम निर्माण व्यवसायीसङ्ग ब्याज सहित असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | १७,८२,३८३ |

४१.२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा निर्माण व्यवसायीको कावु बाहिरको परिस्थितिको कारण म्याद थप गर्नुपरेमा पूर्व निर्धारित क्षतिपूर्ति नलिने गरी र निर्माण व्यवसायीको लापरवाहीको कारणले म्याद थप गर्नु परेमा पूर्व निर्धारित क्षतिपूर्ति लिनेगरी म्यादथप हुने व्यवस्था छ।निर्माण व्यवसायीलाइ ५० दिन भित्र काम सम्पन्न गर्न सम्झौता भएकोमा म्याद थप गर्नुको पर्याप्त कारण नखुलाइ पूर्व निर्धारित क्षतिपूर्ति नलिने गरी पटक पटक गरी २०८०।६।३०सम्म ८३५ दिन म्याद थप गर्नु उपयुक्त देखिएन।

४१.३ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० को उपनियम ४ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक कार्य सम्पादन जमानतको मान्य अवधि निर्माणकार्यको त्रुटी सच्च्याउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना बढी अवधीको हुनुपर्ने व्यवस्था छ ।निर्माण कार्यको म्याद थप गर्दा कार्यसम्पादन जामनतको समेत म्याद थप हुनु पर्दछ। नगरपालिकाले उक्त शित गृह भण्डार निर्माणको निर्माण व्यवसायीको कार्यसम्पादन जमानत रु १२०५०००को म्याद २०८१ कार्तिक मसान्तसम्मको हुनु पर्नेमा १५ जुलाइ २०२३ अर्थात २०८० असार मसान्त सम्मको मात्र भएकोले त्रुटी सच्याउने अवधिसम्मको कार्यसम्पादन जामनत पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,०५,००० |

४२ **कन्टेन्जेन्सी** - सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढांचा अनुसूची- १ मा व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्कचार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी वापत थप गर्ने व्यवस्था रहेको छ । नगरपालिकाले यो बर्ष विभिन्न योजनाको कन्टेन्जेन्सी खर्च गरेकोमा सो को लगत राखेको छैन । लगत नराखेको कारण नियमावलीले तोकेको सिमा भित्र रहि कन्टेन्जेन्सी खर्च गरेको यकिन हुन सकेन ।नगरपालिकाले कन्टेन्जेन्सी खर्च गर्दा सूचना प्रकाशन, मसलन्द खरिद, दैनिक भ्रमण भत्ता, ईन्धन खर्च, टेण्डर मूल्याङ्कन भत्ता, सवारी साधन मर्मत लगायतमा खर्च गरेको छ ।यस प्रकारको प्रशासनिक खर्च गर्दा सार्वजनिक खरिद नियमावलीको प्रकृया पुरा गरी खरिद योजनामा समवेश गरी गर्ने गरेको छैन । कन्टेन्जेन्सी खर्चको अभिलेख राखि खरिद योजनामा समावेश गरी खर्च गर्नु पर्दछ।

४३ **सामान खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ मा रु.१० लाखसम्मको लागत अनुमान भएको खरिद तथा निर्माण कार्य कोटेशनको माध्यमवाट रु.२० लाखसम्मको लागत अनुमान भएको निर्माण तथा खरिद कार्य शिलवन्दी दरभाउपत्रको माध्यमवाट र रु.२० लाख भन्दा माथिको वोलपत्रको माध्यमवाट गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले भौ नं ३२ मिति २०७९।९।६ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परीयोजना अन्तरगत कृषकको ५० प्रतिशत लागत सहभागितामा मिनी

टिलर ५एच पी को १६ थान र ७ एच पी को १४ थान खरिद गरी विराज एग्रो मेटिरियल्स फर्मको रु ३२००००० को विलमा कार्यालयको तर्फवाट रु १६००००० भुक्तानी गरेको छ ।यसरी खरिद गरिएका सामान ३० कृषकलाइ वितरण गरिएकोमा कृषक छनौटको आधार स्पष्ट छैन ।साथै नियमावली अनुसार सिलवन्दी दरभाउपत्रको माध्ममवाट खरिद गर्नु पर्नेमा प्रतिस्पर्धा बेगर खरिद गरेको नियमित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १६,००,००० |

४४ **कार्यसम्पन्न प्रतिवेदन-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ ।नगरपालिकाले आर्थिक बर्षको अन्त्यमा नमूना विधालय सत्यवादी मा वि भोपुरलाइ भौ नं ७८ मिति २०८०।३।१७ वाट भवन निर्माणको लागि रु ५००००००० र भौ नं ७९ मिति २०८०।३।१८ वाट व्यवस्थापकिय योजना कार्यान्वयनको लागि कार्यसम्पादनमा आधारित अनुदान वापत रु ३०००००० गरी जम्मा रु ८०००००० उपलव्ध गराएकोमा उक्त निकासावाट भएको कार्यको प्राविधिक मूल्याङ्कन सहितको कार्य सम्पन्न पेश भएको छैन ।निकासा रकमवाट भएको कार्यको प्राविधिक मूल्याङ्कन सहितको कार्यसम्पन्न प्रतिवेदन्र पेश हुनु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८०,००,००० |

४५ **लागत अनुमान र स्पेसिफिकेसन** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ मा मालसामान खरिदको लागत अनुमान वनाउने तरिकको वारेमा उल्लेख छ ।यसैगरी नियम ३१ख मा क्याटलग सपिङ विधिवाट खरिद गर्दा यान्त्रिक मालसामानहरु र समानस्तरको मालसामान उत्पादन वा वितरण गर्ने उत्पादक कम्पनी वा त्यसको आधीकारिक विक्रेतालाइ कम्तीमा सात दिन देखि बढीमा पन्ध्र दिनसम्मको सूचना दिई प्रतिस्पर्धा गराइ खरिद गर्न सकिने व्यवस्था छ । नगरपालिकाले यो बर्ष देहायका सवारी साधन क्याटलग सपिङ विधिवाट खरिद गरी भुक्तानी गरेको छ ।तर नियमावलीमा उल्लेख भए बमोजिम सात दिन देखि पन्ध्र दिनसम्मको सूचना दिएको कागजात स्रेस्ता साथ संलग्न छैन । यी सवारी साधन खरिद गर्दा कार्यालयलाइ आवश्यक पर्ने सवारी साधनको स्पेसिफिकेसन तयार गरी सो स्पेसिफिकेसन बमोजिमको समानको दररेट यकिन गरी लागत अनुमान तयार गर्नुपर्ने र सोही लागत अनुमान बमोजिम बोलपत्र आह्वान गर्नुपर्ने व्यवस्था छ ।तर नगरपालिकाले यी सवारी साधन खरिद गर्नुपूर्व लागत अनुमान तयार गरेको पाइएन ।साथै खरिद भएका सामान प्राप्त भएपछि शुरुमा तोकिएको स्पेसिफिकेसन बमोजिम भए नभएको यकिन नगरी भुक्तानी गरेको पाइयो । यसले गर्दा सवारी साधन खरिद मितव्ययी तथा तोकिएको गुणस्तर अनुसार छन भनी यकिन गर्न सकिएन ।

| गो भौ नं र मिति | विवरण | आपूर्तक | भुक्तानी रकम |
|---|---|---|---|
| ३।२०७९।६।११ | डोजर खरिद | स्ट्याण्डर्स अर्थ मुभर्स | ५५००००० |
| ३३।२०७९।९।६ | जिप खरिद | अग्नी इन्कर्पोरेटेड | ४९७५००० |
| ४९।२०७९।१०।४ | मोटरसाइकल खरिद १० थान | रुद्र अटोमेटिभ्स | २९९७८७० |

४६ **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ ।नगरपालिकाले पूजिगत तर्फ भौ नं ४०६ मिति २०८०।३।२४ मा वडा नं ७ को सुवेडा स्वास्थ्य चौकी मर्मतवापत रु १०००००० भुक्तानी गर्दा रंगरोगन बापत १८८.९६ बर्गमिटरको प्रति बर्गमिटर रु३७८.०६ ले रु ७१४३८ मूल्याङ्कन गरी भुक्तानी गरेको छ ।लेखापरीक्षण साथ पेश भएको उक्त स्वास्थ्य चौकीको निर्माण सम्पन्नको फोटोमा रङ्गरोगन गरेको नदेखिएको र प्रविधिकलाइ तत्कालको फोटो पेश गर्न लगाएकोमा उक्त फोटोमा समेत रंगरोगन गरेको नदेखिएकोले काम वेगर भुक्तानी भएको रकम उपभोक्ता समितिवाट असुल गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७१,४३८ |

४७ **बढी भुक्तानी** - सार्वजनिक खरद नियमवली २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र प्रचलित जिल्ला दररेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । सडक विभागको स्वीकृत नर्म्समा collection of rubble of required size,hauling distance 10 meter and stacking को १ घनमिटर ढुङ्गा संकलनको लागि १.४ जना अदक्ष श्रमिकलाग्ने उल्लेख छ । ।यस नगरपालिकाले सडक निर्माण पर्खाल निर्माण घर निर्माणमा प्रयोग हुने ढुङ्गाको दररेट राख्दा सडक विभागको उक्त नर्म्सको अलावा डोलिडारको नर्म्सवाट ढुङ्गा संकलनको लागि भनी पुन १ जना अदक्ष श्रमिक राखि लागत अनुमान तयार गरेको छ । यसले गर्दा ढुङ्गा संकलन गर्ने कामको लागत अनुमान तयार गर्ने काममा दोहोरो श्रमिकको दररेट कायम हुन गएकोले नगरपालिकावाट भएको ढुङ्गाको निर्माण कार्यमा १ घन मिटरमा रु ८५० दोहोरो भुक्तानी हुन गएको छ ।लेखापरीक्षणमा नमूना छनौटको आधारमा परीक्षण गर्दा देखिएका योजनामा बढी भुक्तानी निम्नानुसार छन् । बढी भुक्तानी भएको रकम सम्बन्धितवाट असूल हुनुपर्ने रु.

| गगो भौ नं र मिति | योजनाको नाम | कमकामको विवरण | परिमाण | बढी भुक्तानी |
|---|---|---|---|---|
| नगरपालिका पूजिगत | | | | |
| ५७।१०।१५ | वडा नं ३ ढुङ्गीगार्ड झो पु मर्मत | stone soling and boulder packing | ११०=५१ घमी | ९३९३३ |
| ५४।१०।१० | वडा नं ३ हेमन्तवडा खेल मैदान निर्माण | Stone soling and masonary work | ११=८० घमी | १००३० |
| ६७।१०।२६ | वडा नं ४ खालोगडा सिरडी सिंचाइ कुलो मर्मत | stone masonary wall | ११.५२ घमी | ९७९२ |
| ८४।११।१९ | वडा नं ८ तालीवडा देखि छाडा नाउला र देवता नाउलाको वाटो मर्मत | stone masonary wall | ५=५७ घमी | ४७३४ |

| | | | | |
|---|---|---|---|---|
| ९८।११।२४ | सेती नदी र बाहुलीगाड दोभान जाने वाटोमा सिढी निर्माण | stone soling | ५.४८ घमी | ४६५८ |
| १००।११।२५ | वडा नं १० डाँडाखेत सिंचाइ कुलो निर्माण | stone soling | ४.०२ घमी | ३४१७ |
| १०२।१२।१५ | वडा नं ८ गौडपाल सेलाखेत वाटो मर्मत | stone soling | ९.४५ घमी | ८०३२ |
| ११०।११।२६ | वडा नं १ तलीथर देखि खोली चौतारा जानेवाटो मर्मत | stone soling | ८.८५ घमी | ७५२२ |
| १३१।११।३० | वडा नं १० खगेडा वाटो मर्मत | stone soling and masonary wall | ३७.७३ घमी | ३२०७० |
| १३८।१२।१ | वडा नं १ माथिगाउ थिमी जिउला वाटो मर्मत | stone soling and masonary wall | १४.८७ घमी | १२६३९ |
| १७१।१२।८ | वडा नं ६ घट्टेखेती देखि गाडखोला सिंचाइ कुलो निर्माण | stone soling and masonary wall | १०.६६ घमी | ९०६१ |
| १६५।१२।८ | वडा नं ७ लम्पाटा सुन्यलवडा चदरीवडा सम्म ढल निकास | stone soling | ६.७५ घमी | ५७३७ |
| १८४।१२।१२ | वडा नं २ काफल नौफरे नाउला निर्माण | stone soling | ११.९६ घमी | १०१६६ |
| १८३।१२।१२ | वडा नं ४ राउलेतोला खोला नियन्त्रण कार्य | stone filling | १६ घमी | १३६०० |
| १७९।१२।१० | वडा नं ५सेती बहुउद्देश्यीय कृषि फर्म व्यवस्थापन | stone masonary wall | ८८.३१ घमी | ७५०६३ |

| | | | | |
|---|---|---|---|---|
| १७८।१२।१० | वडा नं १० बाहुली गार्ड जानेवाटो निर्माण | stone soling and masonary wall | २० घमी | १७००० |
| १७६।१२।१० | वडा नं १० कैलाश पार्क निर्माण | stone masonary wall | ९ घमी | ७६५० |
| १९७।१२।२४ | वडा नं ५ आदर्श मावि शौचालय निर्माण | stone masonary wall | १०.२० घमी | ८६७० |
| १९६।१२।१४ | वडा नं १० खलापाटा ढल निकास | stone masonary wall | १२ घमी | १०२०० |
| १९२।१२।१३ | वडा नं ११ लालटिन वजार विच बजार बाटो निर्माण | stone soling | ३१.७६ घमी | २६९९६ |
| १८९।१२।१३ | वडा नं ३ दमाइटोल देखि नामाताउला वाटो निर्माण | stone soling | ९.२९ घमी | ७८९६ |
| २१५।१२।२० | वडा नं ६ जनकृष्ण मावि फिल्ड निर्माण | stone soling | १९.८० घमी | १६८३० |
| २१०।१२।१९ | वडा नं ७ बाटो निर्माण तथा ढल निकास | stone soling | १६.२८ घमी | १३८३८ |
| २०७।१२।१६ | वडा नं ५ काछाकाप्चा सिंचाइ कुलो निर्माण | stone soling | ३३.७५ घमी | २८६८७ |
| २१९।१२।२३ | ठाल बस्ती खानेपानी मूहान संरक्षण | stone soling | ७.५० घमी | ६३७५ |
| २२१।१२।२६ | वडा नं ३ पिपल चौतारा गाडथापा बाटो निर्माण | stone soling and masonary wall | १६.३६ घमी | १३९०६ |

| | | | | |
|---|---|---|---|---|
| २२२।१२।१६ | वडा नं ४ कालिका मा वि चिउराडी खाजाघर निर्माण | stone soling and masonary wall | ९.६७ घमी | ८२१९ |
| २२८।१२।२७ | वडा नं ६ वारा खानेपानी तथा शौचालय निर्माण | stone masonary wall | ९.१२ घमी | ७७५२ |
| २३१।१।५ | वडा नं ४ चिउराडी ज सु डाँडाबाघ मन्दीर मर्मत | stone masonary wall | ६.५० घमी | ५५२५ |
| २३९।१।८ | वडा नं ३ चोत धारा देखि मुग्राडाँडासम्म सडक निर्माण | stone soling | ९.७९ घमी | ८३२१ |
| २४८।१।१० | वडा नं ६ गोठालेखेती सडक निर्माण | stone filling | १६२ घमी | १३७७०० |
| २४६।१।१० | वडा नं १ कालीवाद सिंचाइ कुलो निर्माण | Stone soling and filling | ३९.७०घमी | ३३७४५ |
| २४३।१।८ | वडा ११ मायना सडकमा ग्यावियन भर्ने कार्य | stone filling | ३० घमी | २५५०० |
| २६२।१।१७ | वडा नं ३ खोइलादेली देखि तोलीसम्म वाटो निर्माण | stone soling | ६.०२ घमी | ५११७ |
| २५७।१।१४ | वडा नं ४ जङखेत जसु डाँडाबाध मन्दीर मर्मत | stone masonary wall | २१.७४ घमी | १८४७९ |
| २७१।२।१ | वडा नं ७ ढल्कना गोरेटो बाटो | stone masonary wall | १९.६० घमी | १६६६० |

| | | | | |
|---|---|---|---|---|
| २८७।२।३ | वडा नं ४ सिल्केडाँडा भिटामुनी कुलो निर्माण | stone soling and masonary wall | २९.८३ घमी | २५३५५ |
| २८२।२।३ | वडा नं ३ जेठवाडा भवानी चौतारा मर्मत | stone masonary wall | ८.९४ घमी | ७५९९ |
| २७९।२।२ | पारी भगडा खानेपानी मर्मत | stone soling and masonary wall | ९.५३ घमी | ८१०० |
| २७८।२।२ | वडा नं ४ वस्ती भित्रको वाटो स्तरोन्नती | stone soling and masonary wall | २२.९० घमी | १९४६५ |
| ३०६।२।११ | वडा नं १ वडा कार्यालयको कम्पाउण्ड वाल निर्माण | stone soling and masonary wall | ३०.९५ घमी | २६३०७ |
| ३११।२।१४ | वडा नं ८ नौलो घर देखि भुवासियार नाउला ढल निकास | stone soling | ३१.६६ घमी | २६९११ |
| ३१४।२।१४ | वडा नं ११ नाग मन्दीर घेरावार भोपुर | stone soling and masonary wall | ४३.०७ घमी | ३६६०९ |
| ३१५।२।१६ | वडा नं ५डिलबगर देखि बासुडिडसम्म सडक | masonary wall | ४.९८ घमी | ४२३३ |
| ३१९।२।१८ | वडा नं ११ दलित बस्तीमा वाटो निर्माण | masonary wall | ४.८२ घमी | ४०९७ |
| ३२३।२।१८ | वडा नं ११ भोपुर महिला सामुदायिक भवन निर्माण | masonary wall | ६.३७ घमी | ५४१४ |
| ३३०।२।२२ | वडा नं १० जुम्लीवडा ढल निकास | stone soling | ७.०८ घमी | ६०१८ |

| | | | | |
|---|---|---|---|---|
| ३३१।२।२२ | वडा नं ४ सानेमाझ घेरावार तथा बाख्रा फर्म | stone soling | १३.७० घमी | ११६४५ |
| ३३२।२।२२ | वडा नं ८ वरिलगाउँ देखि मसानघाटसम्म जाने सडक मर्मत | masonary wall | १४.४६ घमी | १२२९१ |
| ३३४।२।२२ | वडा नं ३ केतुवडा वाटो निर्माण | stone soling and masonary wall | १८.२२ घमी | १५४८७ |
| ३४३।२।२९ | वडा नं ३ भैरव आधारभूत विधालय निर्माण | masonary wall | १२.८७ घमी | १०९३९ |
| ३४८।३।४ | वडा नं २ दउल्यालवडा ढल निकास | stone soling | १४.१३ घमी | १२०१० |
| ३५८।३।१७ | वडा नं १ चोरमेला खानेपानी मर्मत | masonary wall | ५.४९ घमी | ४६६६ |
| २९४।२।५ | वडा नं १० सुर्मदिवी मन्दीरदेखि सुर्माटोलसम्म नहर निर्माण | stone soling and masonary wall | ९.३२ घमी | ७९२२ |
| २९१।२।४ | वडा नं १ सिन्चौर खोला ढल निकास | stone soling and masonary wall | ४४.३७ घमी | ३७७१४ |
| २९०।२।३ | वडा नं १ गैडा खानेपानी मर्मत | stone soling and masonary wall | ७.४३ घमी | ६३१५ |
| ३७०।३।२० | वडा नं ६ स्वास्थ्य चौकीदेखि कुरावारीसम्म सडक निर्माण | masonary wall | ७४.२५ घमो | ६३११२ |
| ३९५।३।२३ | वडा नं १ शौचालय निर्माण | masonary wall | ११.५७ घमी | ९८३४ |

| | | | | |
|---|---|---|---|---|
| ३९३।३।२३ | वडा नं ५ भैरव आधारभूत विधालय माझीरौत | stone soling and masonary wall | १४.९० घमी | १२६६५ |
| ३९२।३।२३ | वडा नं ४ खापरमाण्डु निर्माण | masonary wall | ९.३८ घमी | ७९७३ |
| संधीय पूजिगत | | | | |
| १३।९।२० | वडा नं ११ लंगा देवता निर्माण | stone soling and masonary wall | २८.४१ घमी | २४१४८ |
| ४७।२।४ | वडा नं ४ भवानी मा वि नौरा निर्माण | stone soling and masonary wall | ८३.९१ घमी | ७१३२३ |
| ८१।३।१८ | ङ्धमीलक वाटो निर्माण | stone soling and masonary wall | १३१.४६ घमी | १११७४१ |
| ९०।३।२२ | वडानं ११ नीलकट्टी मा वि देउमाला भवन निर्माण | stone soling and masonary wall | २५.८३ घमी | २१९५५ |
| १०४।३।२४ | वडा वडा नं ११ नानदेव आधारभूत विधालय निर्माण | stone masonary wall | ९६.५१ घमी | ८२०३३ |
| | जम्मा | | | १४१९४०१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,१९,४०१ |

४८ **सामुदायिक भवन मन्दिर तथा कम्पाउण्डवाल निर्माण-** स्थानीय सरकार सञ्चालन ऐनको दफा २७ बमोजिम नगरपालिकाले नक्सापास गरेर मात्र संरचना निर्माण गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले जग्गा सार्वजनिक रहेको प्रमाण संलग्न नहुदै र नक्सापास वेगरनै सर्वजनिक संरचना निर्माण कार्य गर्ने गरेको छ । निर्माण गर्ने संरचनाको ड्रईङ डिजाइन स्वीकृत नगरी प्राप्त बजेटको आधारमा लागत अनुमान तयार गर्ने र त्यसैलाई सम्पन्न देखाई भुक्तानी गर्ने गरेको छ यसले गर्दा आंशिक मात्र निर्माण गर्दा पछि वेवारिसे हुन सक्ने एवं आंशिक रुपमा निर्माण हुने संरचनामा क्षति पुग्न जाने अवस्थालाई ख्याल गरेको पाइएन । भवन निर्माण जस्तो जटिल र अनुगमन गरिरहनु पर्ने एवं प्राविधिक प्रकृतिको निर्माण कार्यमा समेत उपभोक्ता समिति गठन गरी उपभोक्ता मार्फत कार्य गराएको कारण सामुदायिक भवन मन्दिर, तथा अन्य सार्वजनिक प्रकृतिको भवन एवं कम्पाउण्डवाल निर्माण गुणस्तर छन् र प्रकृयामा पारदर्शिता छ भन्न सकिने आधार देखिएन । तसर्थ सार्वजनिक संरचना निर्माण गर्दा सार्वजनिक स्थान, नक्सा ड्रइङ्ग, डिजाइन र नक्सा पास गरी पूर्ण संरचना निर्माण हुने सुनिश्चीतता गरि एकिकृत लागत अनुमान, नापी किताव, कार्यसम्पन्न अवस्था र सार्वजनिक प्रयोगको सुनिश्चीतता गरी निर्माण

गर्ने पर्याप्त अनुगमन र सम्वन्धित क्षेत्रकै उपभोक्ताको अर्थपूर्ण संलग्नता हुने तर्फ ध्यान दिनुपर्ने देखिन्छ गत विगत बर्ष निर्माण कार्य भई यो बर्ष समेत बजेट विनियोजन भएका योजनामा विगतमा के कती निर्माण कार्य सम्पन्न भएको हो सोको नापी किताव तथा कार्य मूल्याङ्कन संलग्न नहुदा यो बर्ष दोहोरो भुक्तानी भएको छैन भनी लेखापरीक्षण वाट यकिन गर्न सकिने अवस्था देखिएन तसर्थ अधुरा योजनामा थप संरचना निर्माण गर्दा अनिवार्य रुपमा विगतको नापी किताव र प्रविधिक मूल्याङ्कन समावेश हुनुपर्दछ । निर्माण गरीने भवनको नक्सा पास नगरी जग्गाको स्वामित्व यकिन नगरी नगरपालिकाले अधुरो सामुदायिक भवन निर्माण गरी भुक्तानी गरेका केही उदाहरण निम्मानुसार छन्।

| गो भौ नं र मिति | बिबरण | निर्माण कार्य गर्ने | रकम |
|---|---|---|---|
| ४३।२०७९।९।२२ | कृषक सेवा केन्द्र कार्यलष भवन निर्माण र कार्यालय स्थापना खर्त | उपभोक्ता समिति | १०००००० |
| १४४।२०७९।१२।२ | दलित समुदायिक भवन वडा नं ५ | उपभोक्ता समिति | १००००० |
| ३४९।२०८०।३।५ | महिला सामुदायिक भवन | उपभोक्ता समिति | ९७३३८ |
| २४४।२०८०।१।९ | गणेशमानसिंह सामुदायिक भवन | उपभोक्ता समिति | १०००००० |
| ३२२।२०८०।२।१८ | भोपुर महिला सामुदायिक भवन | उपभोक्ता समिति | १५०००० |
| ३००।२०८०।२।८ | काप्रीकोट महिला सामुदायिक भवन | उपभोक्ता समिति | १४९००० |
| ८७।२०७९।११।२१ | पुष्पलाल स्मृति प्रतिष्ठान फर्निचर खरिद | उपभोक्ता समिति | १००००० |
| २३३।२०८०।१।१५ | शहिद स्मृति भवन आन्तरिक व्यवस्थापन | उपभोक्ता समिति | २००००० |

यस्ता अधुरा भवनहरु यथासिघ्र निर्माण गरी सार्वजनिक उपयोगमा लगाउने व्यवस्था मिलाउनु पर्दछ।

४९ **हेभी इक्विपमेण्टको प्रयोग-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । नगरपालिका अन्तर्गत सञ्चालित कतिपय सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको सहमति लिएको पाइएन । यसवाट निर्माण कार्य उपभोक्ता समितिले जिम्मा लिई उक्त कार्य निर्माण व्यवसायी मार्फत गराउने गरेको स्रेस्तासाथ संलग्न विलवाट देखिन्छ । यस्ता कार्यमा नियन्त्रण हुनुपर्दछ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन।

| शिर्षक | गो भौ नं र मिति | ययोजनाको नाम | पप्रयोग भएको मेशिनरी औजार | भुक्तानी रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| प्रदेश पूजिगत | | लेकी क्रिकेट मैदान निर्माण वडा नं ७ | डोजर | २५००००० |
| नगरपालिका पूजिगत | २२।२०७९।८।९ | डुग्रीगाड गोलाइ ढाक्रेखोला र रुइनेडी खोला डाइभर्सन | डोजर | ३२५८७२ |
| नगरपालिका पूजिगत | ५४।२०७९।१०।१० | हेमन्तवाडा खेल मैदान निर्माण वडा नं ३ | डोजर | ४००००० |
| नगरपालिका पूजिगत | ८५।२०७९।११।१९ | कुडीखोला निकास तथा तल्लो जिउलो सिंचाइ | डोजर | ४३१०६८ |
| नगरपालिका पूजिगत | १७६।२०७९।१२।१० | कैलाश पार्क निर्माण | डोजर | ५२२००० |

५० **उपभोक्ता समिति मार्फत कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत कार्य गराउन सक्ने व्यवस्था छ। सुत्रमा प्रविष्टि भएको विवरण अनुसार यस बर्ष १८४ वटा उपभोक्ता समिति मार्फत काम गराई रु. ४४१०५३७९ भुक्तानी भएको देखिन्छ । लेखापरीक्षणमा प्रविधिकको मूल्याङ्कनलाई आधारमानी लेखापरीक्षण सम्पन्न गरिएको छ । सो मध्ये नमूना छनौट गरी लेखापरिक्षण गरिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छ । स्थानीय सरकार ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीयतहको अधिकार क्षेत्रभित्रको विकास निर्माण कार्य गर्नका गाउँपालिकाले उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्न छन।

क. कार्यालयले योजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची १ बमोजिमको ढाँचामा व्यवस्थित गर्नुपर्नेमा गरेको छैन ।

ख. हेभी मेशीनरी साधनको प्रयोग हुने कार्य उपभोक्ता समिति मार्फत नगराउनु पर्नेमा सो समेत उपभोक्ता समित मार्फत गराएको छ । उपभोक्ता समिति मार्फत हुने सवै निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । यस्ले गर्दा उपभोक्ता समितिमार्फत सम्पन्न कार्य गुणस्तरीय छ भन्ने यकिन गर्न सकिएन।

ग. योजना कार्यान्वयनको लागि उपभोक्ता समिति र कार्यालयबीच अनुसूची २ बमोजिमको ढाँचामा सम्झौता गरेपनि ढाँचा अनुसारको सम्पूर्ण विवरण उल्लेख नगरी आंशिक र अपूर्ण विवरण भरी सम्झौता गरेको देखियो ।

घ. कुनैपनि उपभोक्ता समितिसँग योजना कार्यान्वयनको लागि कार्यतालिका लिएको छैन ।

ङ. उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नम्बर ९ अनुसार कार्यलयले आयोजना कार्यसम्पन्न अगावै उपभोक्ता समितिका पदाधिकारीहरूलाई अभिमुखीकरण गर्नुपर्नेमा सो समेत गरेको छैन् ।

च. कार्यालयले उपभोक्ता समितिलाई किस्तागत रुपमा भुक्तानी गरेको छैन । सार्वजनिक परीक्षण भनी अनुसूची ३ बमोजिमको ढाँचा आंशिकरुपमा भरी राखेको छ । उपभोक्ता समितिले अनुसूची ४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नुपर्ने ब्यबस्था रहे तापनि वास्तविक रुपमा सार्वजनिक भएको छ भन्ने आधार देखिएन । अनुगमन समितिवाट अनुगमन गरेकोमा अनुगमनबाट देखिएको व्यहोरा प्रतिवेदनमा उल्लेख गरेको छैन ।

छ. उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता उपभोक्ता समितिको लगत राखी अन्य उपभोक्ता समिति मार्फत निर्माण गर्ने कार्य भएको छैन ।

ज. उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न कुनै पनि आयोजना उपभोक्तालाई हस्तान्तरण भएको छैन र उपभोक्ता समितिले उक्त आयोजनाको स्वामित्व लिई मर्मत सम्भार गरेको देखिएन ।

झ. उपभोक्ता समितिमा रहेको पदाधिकारी एकाघरका भए नभएको सम्बन्धमा एकिन गर्न कार्यालयले तीन पुस्ते खुलाई विवरण अध्यावधिक गर्नुपर्नेमा गरेको छैन । जसले गर्दा एकाघरका व्यक्ति उपभोक्ता समितिमा भए नभएको एकिन हुनसकेन । रकम प्राप्त गर्नेको डोर हाजिर तथा अन्य खर्चको भरपाई गर्ने एवं ढुवानी गर्ने व्यक्तिको पहिचान खुलेको कागजात स्पष्ट छैन ।

ञ. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भर्पाई र खर्च प्रमाणीत गर्ने अन्य प्रमाण कागजात सर्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउँदा प्राविधिक मूल्याङ्कन र विल भरपाई सँलग्न गरेपनि प्राप्त विलको सामानको परिमाण र मूल्याङ्कनको परिमाण एक आपसमा फरक पर्न गएको छ । लागत अनुमानको तोकिएको परिमाणमा सामान खरिद नहुँदा लागत अनुमानकै आधारमा मूल्याङ्कन गर्दा निर्माण कार्यको गुणस्तरमा कमी आउने हुन्छ।

तसर्थ कार्यालयले उपभोक्ता समितिलाई प्रशिक्षित समेत गराई यथार्थपरक विल भरपाई पेश गर्न लगाउनु पर्दछ । घटी परिमाणको सामान खरिद गरेको अवस्थामा बढी मूल्याङ्कन गरी भुक्तानी गर्ने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ।

---

५१ **पढ्दै कमाउदै कार्यक्रम**

.......... ***(प्रारम्भिक प्रतिवेदन उपर मिति २०८१।०१।०२ को निर्णयबाट रु.१०,००,००० सम्परीक्षण गरिएको।)***

---

५२ **प्रधानमन्त्री रोजगार कार्यक्रम** – स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत नगरपालिका अन्तर्गत ११ योजना सञ्चालन गरी यस वर्ष १०० जनालाई औसत १०० .दिनले रोजगारी उपलब्ध गराई कुल रु ६६३९५२० ज्याला खर्च गरेको छ। नगरपालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

---

५३ **पेश्की खर्च** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को परिच्छेद ५ मा पेश्की लिने तथा फछ्यौंट सम्बन्धी व्यवस्था गरेको छ । पेश्की लिने कर्मचारीले जुन प्रयोजनको लागी पेश्की लिएको हो सो प्रयोजनको लागी बजेट सिमा भित्र रहेर खर्च गर्नुपर्ने हुन्छ । नगरपालिकाले इन्द्र बहादुर बोहोरालाई रु १०९४००० विपद व्यवस्थापन वापत पेश्की दिएकोमा निजले पेश गरेको पेश्की फछ्यौंट सम्बन्धि फाइलमा रु ३००००० को लक्षित वर्गलाई नगद वितरण भनी नागरिकता नम्बर बेगरको भरपाइ मात्र पेश गरेको बाहेक प्रयोजन तथा आवश्कयता बेगरका विविध मसलन्द सामानको बिजक मात्र पेश गरेको छ । विपद कार्यको लागी लगेको पेश्की मसलन्द सामानको बिजक मात्र पेश गरेको

तथा भ्रमण गरेको भनी उल्लेख मात्र गरेको आधारमा पेश्की फछ्र्यौट गरेको हुदा उद्देश्य विपरित पेश्की फर्स्यौट गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १०,९४,००० |

५४ **जिन्सी दाखिला** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ मा कार्यालयमा कुनै किसिमवाट प्राप्त भएको मालसामानको जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहायको खर्च भएर नजाने मालसामानहरु खरिदको बिजक र दाखिला प्रतिवेदन पेश गरे पनि जिन्सी निरिक्षण प्रतिवेदनवाट उक्त सामान मौज्दात नदेखिएको हुदा उक्त मालसामानहरु खरिद सम्बन्धमा एकिन गर्नुपर्ने रु.

| भौचर र मिति | मालसामान | विवरण | रकम |
|---|---|---|---|
| २२४।०८०।३।२१ शसर्त | ए आइ कन्टेनर १ थान | कृत्रिम गर्भाधान कार्यक्रम | ८४९९९ |
| ५३२।०८०।२।१८ | ९ वटा मोबाइल | बिजक मात्र रहेको | २१८४०८ |
| ६४१।०८०।३।२१ | कम्प्युटर लगायत खरिद | रुपा कुमारी जोशी मार्फत खरिद | २६०००० |
| **जम्मा** | | | ५६३४०७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,६३,४०७ |

५५ **गुणसतर परिक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ को उप नियम (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण खर्चको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउँदा अधिकांशमा गुणस्तर परीक्षण गरेको छैन । निर्माण कार्यको गुणस्तर परीक्षण नगर्दा निर्माण सामाग्री र सम्पन्न कार्य गुणस्तरयुक्त छ भनी आश्वस्त हुन सक्ने अवस्था छैन । नियममा तोकिए अनुसार सबै निर्माण कार्यको गुणस्तर परीक्षण गर्नुपर्दछ।

५६ **नाफामुलक संस्थालाई अनुदान-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ मा वितरणमुखि खर्चलाइ नियन्त्रण गर्दै संघ र प्रदेश सरकारवाट प्राप्त रकमलाइ स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । नाफा कमाउने उद्देश्यवाट स्थापित संस्थालाइ अनुदान तथा सहायता उपलव्ध गराउन मिल्दैन ।यदी उपलव्ध गराउने हो भने सार्वजनिक रुपमा निशुल्क वा न्यून शुल्कमा सेवा उपलव्ध गराउने सुनिश्चित हुनु पर्दछ ।यस स्थानीय तहले अनुदाननै दिनेगरी कार्यक्रम निर्धारण गरी निम्नानुसारका संस्थालाइ विभिन्न कार्यक्रम निर्धारण गरी यो बर्ष रु १४ लाख २२ हजार अनुदान उपलव्ध गराएको छ । तर त्यसवाट उपरोक्तानुसार सेवा प्रवाह हुने सुनिश्चित छैन । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ।

| **गो भौ नं र मिति** | **संस्थाको नाम** | **विवरण** | **अनुदान** |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ३९।९।२० | मष्टा बहुउद्देश्यीय कृषि फर्म वडा नं ६ | तारवार | २००००० |
| ७०।१०।७ | आमधारा नौरा कृषि सहकारी संस्था वडा नं ६ | फर्निचर,ल्यपटप र घरभाडा | २५०००० |
| ८६।१०।२० | सुर्मदिवी मसला उधोग वडा नं १० | मेशिन खरिद | १००००० |
| ९६।११।२५ | जयमष्टा दुध संकलन केन्द्र वडा नं १० | डिफ्रिज नथा काउन्टर | ४००००० |
| ३३१।२।२२ | सानेमाझ घेरावार तथा वाख्रा फर्म वडा नं ४ | बाख्रा खोर निर्माण | १०००००० |

५७ **अनुगमन** - नगरपालिकाले आफूले उपलव्ध गराएको अनुदानवाट भएको कामको निरन्तर अनुगमन गर्नु पर्दछ ।नगरपालिकाले यो बर्ष प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगत बाख्राको पकेट विकास कार्यक्रमवाट देहायका फर्म तथा व्यक्तिलाइ खोर निर्माण तथा बोका खरिद वापत अनुदान उपलव्ध गराएको छ ।अनुदान प्राप्त गर्ने व्यक्ति तथा फर्म छनौटको आधार पेश भएको छैन ।उपलव्ध अनुदानवाट कृषकको आय आर्जनमा सुधार भए नभएको, निरन्तर अनुगमन गर्नु पर्नेमा अनुगमन गरी प्रतिवेदन दिएको पाइएन।जुन उद्देश्यको लागि अनुदान उपलव्ध गराएको हो । सो अनुसार काम कार्वाही भए नभएको निरन्तर अनुगन हुनु पर्दछ।

| सि नं | अनुदान पाउनेको नाम | ठेगाना | कार्यक्रम | अनुदान रकम |
|---|---|---|---|---|
| १ | लागादेव बहुउद्देश्यीय कृषि फर्म | ज न पा ११ | खोर निर्माण | ७०००० |
| २ | गुरासे बहुउद्देश्यीय कृषि फर्म | ज न पा ११ | बोका खरिद | ३०००० |
| ३ | उत्तम बहुउद्देश्यीय कृषि फर्म | ज न पा ११ | खोर सुधार | ५०००० |
| ४ | मष्टा बहुउद्देश्यीय कृषि फर्म | ज न पा ७ | खोर निर्माण | ७०००० |
| ५ | वाहुनी धलपुरा पशुपन्छी फर्म | ज न पा ६ | खोर निर्माण | ७०००० |
| ६ | आरती बहुउद्देश्यीय कृषि फर्म | ज न पा ११ | बोका खरिद | ३०००० |
| ७ | निरज एण्ड आदित्य बहुउद्देश्यीय कृषि फर्म | ज न पा ११ | खोर सुधार | ५०००० |
| ८ | बाबै बहुउद्देश्यीय कृषि फर्म | ज न पा ११ | बोका खरिद | ३०००० |
| ९ | देउपानी बहुउद्देश्यीय कृषि फर्म | ज न पा ५ | खोर निर्माण | ७०००० |
| १० | रामलाल जोशी | ज न पा २ | खोर निर्माण | ७०००० |

| | | | | |
|---|---|---|---|---|
| ११ | मिस्तेन बहुउद्देश्यीय कृषि फर्म | ज न पा ५ | खोर निर्माण | ७०००० |
| १२ | जे एन ए कृषि तथा पशुपालन फर्म | ज न पा ५ | खोर सुधार | ५०००० |
| १३ | सुर्यदेवी महिला वहुउद्द्श्यीय सहकारी | | वाखा खरिद | ६२५००० |

५८ **समपुरक अनुदान-** संघ तथा प्रदेश समपुरक अनुदान कार्यविधि २०७७ को दफा ६ मा समपुरक योजनावाट सञ्चालन हुने योजनामा कुल लागतको अधिकतम ५० प्रतिशत रकम स्थानीय तहले समपुरक अनुदान व्यहोर्नु पर्ने उल्लेख छ ।नगरपालिकाले समपुरक अनुदान अन्तरगत सघ र प्रदेशवाट प्राप्त अनुदानको ५० प्रतिशत नगरपालिकाले व्यहोर्नु पर्ने र समपुरक रकम बर्षान्तमा वाँकी रहेमा सम्वन्धित सन्चित कोष फिर्ता गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकामा यो बर्ष समपुरक अनुदानवापत देहायको रकम प्राप्त भएकोमा सो बापत नगरपालिकाले आफ्नो योगदान वापत म्याचिङ फण्डमा रकम जम्मा गरेको पाइएन ।यसले गर्दा संघ र प्रदेशको रकम मात्र खर्च भइ नगरपालिकाको योगदान रहेको पाइएन ।तसर्थ नगरपालिकाले व्यहोर्नुपर्ने ५० प्रतिशत रकम नगरपालिका सञ्चित कोषमानै मौज्दात रहेकोले ५० प्रतिशत योगदानको रकम सम्न्धित सञ्चित कोषमा फिर्ता गर्नु पर्ने रु.

| अनुदान उपलव्ध गराउने | योजनाको नाम | अनुदान खर्च रकम | नगरपालिकाले व्यहोर्नु पर्ने अंश |
|---|---|---|---|
| प्रदेश सरकार | वडा नं ५ को वडा कार्यालय भवन निर्माण | ४८००००० | २४००००० |
| संधीय सरकार | बाहुली गार्ड तटवन्ध | २०३९४६८ | १०४४६८४ |
| संधीय सरकार | लौठीछडा खानेपानी | ४१७८६१५ | २०८९३०७ |
| जम्म | | | ५५३३९९१ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५५,३३,९९१ |

५९ **आन्तरिक आय -** नगरपालिकाले राजस्व असुलीमा प्रयोग हुने रसिदको दुरुपयोग हुन नदिन रसिद नियन्त्रण खाता {म.ले.प.फा.न.९०४}तयार गरी राखु पर्नेमा सो वमोजिम रसिद नियन्त्रण खाता राखेको छैन ।जसवाट नगरपालिकासँग रहेको विगतको बाँकी नगदी रसिद,यसवर्ष छपाइ भएका रसिद तथा यस वर्ष विभिन्न वडा तथा नगरपालिकाको राजस्व शाखालाई उपलब्ध गराएको रसिद के कति सङ्ख्यामा रहेका थिए यकिन गर्न सकिएन । यस सम्बन्धमा देखिएको अन्य व्यहोरा निम्नानुसार छन्।

५९.१ **राजश्व दाखिला** -आर्थिक कार्यविधि तथा वित्तीय उत्रदायित्व ऐन २०७६ को दफा २८ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्टस्म बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ ।तोकीएको समय भन्दा १० दिन ढीलो गरी दाखिला गरेमा दखिला गर्न बाँकी रकम र सो रकमको १० प्रतिशतले जरिवाना र सो

भन्दा पनि ढिला गरेको भएमा १० प्रतिशत जरीवाना र कसूरको मात्रा अनुसार प्रचलित कानुन अनुसार विभागिय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ। नगरपालिका अन्तर्गत ११ वटा वडा र नगरपालिकाले प्राप्त गरेको राजस्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन कतिपय वडाहरुले बर्षको एकपटक मात्र रकम दाखिला गर्ने गरेको पाइयो । नगरपालिकाका सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको राजस्व रकम ऐनको व्यवस्था अनुसार समयमै बैकमा दाखिला गर्नुपर्दछ।

५९.२ नगरपालिकावाट उपलव्ध विवरण अनुसार नगरपालिकावाट बुझेर लिएको देहायको रसिद लेखापरीक्षणको अवधिसम्म पनि फिर्ता गरेको पाइएन । तसर्थ नगरपालिकाले उक्त रसिदवाट के कति राजस्व संकलन भएको छ छानविन गरी राजस्व दाखिला गराउनु पर्दछ।

| सि . नं | वडा कार्यालयको कर्मचारीको नाम | फिर्ता नगरेको रसिद |
|---|---|---|
| ५ | राजेन्द्र बहादुर खड्का | ३२०१ -३३००<br>३३०१ -३३५०<br>१०९५१ -११००० |

६० **सामाजिक सुरक्षा-** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ लाभग्राही नाम दर्ता र नवीकरण, लगतकट्टा तोकिएको मिति भित्रै परिचय पत्र अनिवार्य रुपमा नवीकरण गरि सामाजिक सुरक्षा वितरण गर्नुपर्ने छ । पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत एन.सी.सी बैंक, कुमारी बैंक, प्रभु बैंक, एन.एम.बी बैंक, ज्योति विकास बैंक, मेघा बैंक, लुम्बिनि बिकास बैंक, सिभिल बैंक मार्फत प्रथम, द्वितिय, तृतिय र चौथो किस्ता गरि जम्मा रु. १०१८३७६२३ निकासा तथा खर्च गरेको गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्।

६०.१ **के वाइ सी अपडेट -** सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ । बैंकले पालिकाबाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भइ सक्रिय भए र के कति निश्क्रिय अवस्था छन् सो को विवरण उपलब्ध गराएको देखिएन । जसबाट खर्च रकम सबै लाभग्राही बुझे नबुझेकोमा एकिन हुन सकिदैन । अत बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ।

६०.२ **निष्कृय खाता**

*........... (प्रारम्भिक प्रतिवेदन उपर दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२ को निर्णयबाट रु. २९,१६,१४३ सम्परीक्षण गरिएको ।)*

६०.३ **लगतकट्टा -** सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११ बमोजिम लाभग्रहीको मृत्यु भएमा, एकल महिलाले विवाह गरेमा, बालबालिका को उमेर ५ वर्ष पुगेमा, बैंकबाट वितरण भएकोमा लगतार एकवर्ष खाता निष्क्रिय भएमा, समाजिक

सुरक्षा भत्ता पाउने व्यक्ति बसाईसरी अन्यत्र गएमा र अयोग्य व्यक्तिको भत्ता प्राप्त गरेको प्रमाणित भएमा, स्थानिय तहको वडा कार्यालयमा ३५ दिनभित्र घटना दर्ता गराएमा वा कुनै लाभग्राही घटना दर्ता नगराएको अवस्थामा स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य, वडा सचिव वा कार्यरत कर्मचारीहरुले घटना भएको जानकारी पाएमा सत्य तथ्य बूझी वडा कार्यालयबाट लगत कट्टा गर्नुपर्ने व्यवस्था छ ।

६०.४ **अनुगमन तथा निरीक्षण -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा गाउँपालिकाका अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम गाउँपालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुबिधा लिने ब्याक्तीले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन ।कार्यविधिले तोके बमोजिम अनुगमन हुनु पर्दछ ।

६०.५ **पारदर्शिताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ बमोजिम स्थानीय तहले लाग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया सम्बन्धी स्थानीय सामाजिक संघसंस्था तथा गैर सरकारी संस्थाको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र सो सम्बन्धी सूचना स्थानीय एफ.एम लगायत संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामावली स्थानीयतहले आफ्नो वेभसाईटमा राख्ने व्यवस्था रहेको छ । यसवर्ष गाउँपालिकाले सो बमोजिम कार्य गरेको देखिएन ।

## अनुसूचीहरू

अनुसूची - १

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९।८०

कार्यालय र स्थान: जयपृथ्वी नगरपालिका, बझाङ ।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | अम्मर राज जोशी | २०७८-११-४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | गोविन्द बहादुर विष्ट | २०७८-१-२ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,८०७,४३९ | १४,०७७,९४० | २४,५३८,०३८ | ० | ० | २,३१०,८०० |
| प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु. | | | | | ४२,७३४,२१७ |
| प्रारम्भिक प्रतिवेदन उपर फस्यौंट गरी सम्परीक्षण भएको रकम रु. | | | | | ६,७९४,०६३ |
| सम्परीक्षणबाट थप भएको बेरुजू रु. | | | | | ० |
| लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु. | | | | | ३५,९४०,१५४ |

स्थानीय तह : जयपृथ्वी नगरपालिका, बझाङ ।

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ८१९१७६१५ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४७६२७८१८९ | चालु खर्च | ५१११८९१७४ |
| प्रदेश सरकारबाट अनुदान | १७५०९००० | पूँजीगत खर्च | १७१०२०३८९ |
| राजश्व बाँडफाँट | ७८६१७७२१ | वित्तीय/अन्य व्यवस्था | ५२७७३४०७ |
| आन्तरिक आय | ९९१११०३.० | | |
| अन्य आय | ११६२८७४९६ | | |
| कुल आय | ६९८६०३५०९ | कुल खर्च | ७३४९८२९७० |
| बाँकी मौज्दात | | ४५५३८१५४ | |